# गाउँ कार्यपालिकाको कार्यालय

फारुलाचौर, सल्यान

कर्णाली प्रदेश नेपाल

Website:www.darmamun.gov.np

email : ito.darmamun@gmail.com

पत्र संख्या-२०७९/८०

चलानी नं.:-

मिति:२०७९/०४/०३

श्री यज्ञ बहादुर बस्नेत,जनस्वास्थ्य निरीक्षक,
स्वास्थ्य शाखा,दार्मा गाउँपालिका,सल्यान।

विषयःकार्य विवरण सम्बन्धमा।

तपाईलाई तपसिल बमोजिम उल्लेखित कार्य सम्पादन गर्ने गरी विवरण सहित यो पत्र दिइएको छ।प्रमुख प्रशासकीय अधिकृतको सामान्य निर्देशन, सुपररिवेक्षण तथा नियन्त्रणमा रहि तोकिए बमोजिमको कार्य सम्पादन गर्नु हुन जानकरी गराईन्छ ।

तपसिलः

१. आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन।

२. राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण

३. राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रवद्र्धन

४. अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन सरसफाई सचेतनाको अभिवृद्धि ।

५. रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा औषधि पसल सञ्चालन र नियमन औषधिजन्य वनस्पति, जटीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण

६. स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन औषधि तथा अन्य मेडिकल

७. औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण औषधि र स्वास्थ्य उपकरणको खरीद, भण्डाण र वितरण स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स) प्रवद्र्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनरुथापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

दार्मा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
फारुलाचौर, सल्यान
कर्णाली प्रदेश नेपाल
Website:www.darmamun.gov.np
email : ito.darmamun@gmail.com

पत्र संख्या-२०७९/८०
चलानी नं.:-

वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवद्र्धन जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन

८. सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियंन्त्रण तथा सचेतना अभिवृद्धि

९. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन

१०. जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन

११. सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम

१२. आकस्मिक स्वास्थ्य सेवा प्रवाह ।

रेशम ओली
प्रमुख प्रशासकीय अधिकृत